कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)
Federation of Computer Association Nepal (CAN Federation)
POBox: 4982, Khusibu, Kathmandu, Nepal, Tel.: 977 1 4381070, 4382090
E-mail: info@can.org.np URL: www.can.org.np

च.न.: ११८/२०७९/८०

मिति: २०७९ फाल्गुण ९

श्री टेक्नोलोजी मिडिया प्रा.लि.,
टेक्नोलोजी खबर डटकम (technologykhabar.com)
मिड बानेश्वर- १०, काठमाडौं, नेपाल।

**विषयः** खण्डन सम्बन्धमा।

महोदय,
टेक्नोलोजी मिडिया प्रा.लि. द्धारा सञ्चालित अनलाइन मिडिया 'टेक्नोलोजी खबर डटकम' (technologykhabar.com) मा गत माघ २४, २०७९ मंगलबारका दिन प्रकाशित 'क्यान इन्फोटेक प्रायोजन गरिदिएबापत इन्फोडेभलपर्सका सीईओ रघुबंशीलाई क्यान महासंघको उपाध्यक्ष पद उपहार!' शीर्षकको समाचारप्रति कम्प्युटर एसोसिएस नेपाल महासंघ (क्यान महासंघ) को गम्भीर ध्यानकर्षण भएको छ। क्यान इन्फोटेकको अवधिमा प्रकाशित यो समाचार महासंघको प्रतिष्ठामा आँच पुऱ्याउने मनसायले स्वार्थप्रेरित, भ्रामक र कपोल्कल्पित रहेको क्यान महासंघको ठहर छ। प्रेस स्वतन्त्रताको हामी सदैव सम्मान गर्छौं तर पत्रकारिताको मर्म विपरित एकतर्फी र काल्पनिक विषयवस्तु तयार गरी समाचारको रूपमा प्रकाशन गर्दा पाठकमा भ्रम पैदा भएकोमा हामी खेद व्यक्त गर्न चाहन्छौं।

महासंघको कुनै पनि बैठकमा 'क्यान इन्फोटेक २०२३' प्रायोजन गरेबापत कुनै पद दिने भन्ने विषयमा छलफल तथा निर्णय नभएको तथा सूचना सञ्चार प्रविधि क्षेत्रको छाता एवं अभिभावक संस्थाका रुपमा स्थापित क्यान महासंघले हरेक निर्णय र कामकारबाही प्रक्रियासङ्गत गर्दै आएको स्मरण गराउन चाहन्छौ। क्यान महासंघले गर्ने निर्णयहरू विधान अनुरूप मात्र हुने भएकाले प्रकाशित समाचारमा सत्यता नभएकाले टेक्नोलोजीखबरलाइ समाचार सच्याउन तथा आगामी दिनमा सम्बन्धित पक्षको भनाइसमेत राख्नु पर्ने पत्रकारिताको आधारभूत मान्यता अनुरूप कुनै जिज्ञासा भएमा सोधेर तथा तत्यपूर्ण तरिकाले मात्र सम्प्रेषण गर्न हुन अनुरोध गर्दछौं। साथै समाचार पढेर भ्रममा पर्नु भएका पाठक तथा क्यान महासंघ आवद्ध सबैमा यसै खण्डन अनुसार नै बुझिदिनु हुन अनुरोध गर्दछौं।

धन्यवाद।

......................
चिरञ्जीवी अधिकारी
महासचिव